अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।३० गते

प्रेस विज्ञप्ति
विषय: आरोप-पत्र दायर गरिएको ।

जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुरका कार्यालय प्रमुख सि.डि.ई. अजित कुमार श्रीवास्तव र इन्जिनियर ग्रीष्मा ठगुन्नाले निर्माण सम्पन्न भइसकेको चौधर नदी नियन्त्रण योजनाको उपभोक्ता समितिको रनिङ बिल फर-फारक गराई दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरबाट खटिई गएको टोलीले निज कार्यालय प्रमुख सि.डि.ई. अजित कुमार श्रीवास्तव र इन्जिनियर ग्रीष्मा ठगुन्नालाई सेवाग्राहीसँग रू.२,००,०००।— (दुई लाख) घुसबापतको रकम लिइसकेको अवस्थामा रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरू सि.डि.ई.अजित कुमार श्रीवास्तव र इन्जिनियर ग्रीष्मा ठगुन्नाले भिमदत्त नगरपालिका वडा नं.-१९ स्थित चौधर नदी नियन्त्रण योजनाको पहिलो रनिङ विल फरफारक गरेवापत सेवाग्राहीसँग घुस/रिसवत माग गरी लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजहरूलाई जनही विगो रू.२,००,०००।— (दुई लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता